# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# जामुनबारी झापा
# १ नं प्रदेश  नेपाल

## विरिङ्ग खोलाको ढुंगा गिटी बालुवा संकलन तथा विक्री सम्वन्धी ठेक्का आव्हानको सूचना

*(प्रथम पटक प्रकाशन मिति २०७५/०५/१७)*

यस नगरपालिकाको आन्तरिक आय संकलन गर्ने स्थानीय सरकार सञ्चालन ऐन, २०७४,आन्तरिक आयको ठेक्का ब्यवस्थापन सम्वन्धी कार्यविधि २०७५तथा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा भएको ब्यवस्था बमोजिम नगरकार्यपालिकाको मिति २०७५।०५।०७ गतेको निर्णय अनुसार आर्थिक बर्ष २०७५।७६ का लागि ठेक्का सम्वन्धी कागजातमा उल्लेखित शर्तमा यस नगर क्षेत्र भित्रबाट विरिङ्गखोलाको ढुंगा गिटी बालुवा संकलन तथा विक्री सम्वन्धी ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी १५ दिने शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।सूचना प्रकाशन भएको मितिले तोकिएको म्याद भित्र योग्यता पुगेका फर्म तथा कम्पनीहरुले ठेक्का सम्वन्धी कागजात खरिद गरी देहायको मिति समय र स्थानमा शिलबन्दी बोलपत्र पेश गर्नु हुन अनुरोध छ । साथै E bidding को माध्यमबाट बोलपत्र पेश गर्न चाहाने इच्छुक फर्म वा कम्पनीले www.bolpatra.gov.np/epg बाट पनि बोलपत्र पेश गर्न सक्नु हुने छ ।

| सि नं | आय ठेक्का नं | ठेक्काको विवरण | न्यूनतम ठेक्का अंक भ्याट बाहेक | बोलपत्र फारम दस्तुर | बोलपत्र फारम विक्री हुने अन्तिम मिति | बोलपत्र पेश गर्नु पर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | kanakai/IR/04 /075-76 | कनकाई नगरपालिकाले तोकिदिएको क्षेत्र भित्र विरिङ्ग खोलाबाट ढुङ्गा गिटी बालुवा संकलन तथा विक्री | ६३,५७,५६५/- | ३०००/- | २०७५/०५/३१ कार्यालय समय भित्र | २०७५/०६/०१ दिनको १२:०० बजे भित्र | २०७५/०६/०१ दिनको २:०० बजे |

**<u>शर्तहरु</u>**

१. योग्यबोलपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, कनकाई नगरकार्यपालिकाको कार्यालय, जामुनवारी, झापामा वा०२३ ४०११५५ वा kanakai.mun@gmail.comमा सम्पर्क राख्न सक्नेछन्:

२. योग्यबोलपत्रदाताले बोलपत्र सम्बन्धी कागजातहरु कनकाई नगरपालिकाबाट लिखित निवेदन पेश गरी मिति **२०७५/०५/३१**गते कार्यालय समय भित्रमा प्राप्त गर्न सक्नेछन् । यस्तो निवेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्र भ्याट दर्ता प्रमाणपत्र आर्थिक बर्ष २०७३।७४ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपि बोलपत्र सम्बन्धी कागजातको दस्तुररु ३०००।(फिर्ता नहुने) पेश गर्नु पर्नेछ ।साथै Ebidding मार्फत वोलपत्र खरिद गर्न चाहानेवोलपत्र दाताले बोलपत्र फारम खरिद गर्दा भुक्तान गर्नु पर्ने रकम यस नगरपालिकाको नाममा नेपाल बैंक लिमिटेड सुरुङ्गामा रहेको संचित कोष खाता नं १४७०३००००००००४००१००२ मा जम्मा गरी भौचर स्क्यान गरी पेश गर्नु पर्ने छ ।

३. शिलबन्दी वा Ebidding मार्फत वोलपत्र दाखिला गर्ने ब्यक्ति नेपाली भएमा कवोल अंकको ५ प्रतिशत र विदेशी भए १० प्रतिशत धरौटी यस कार्यालयको नाममा नेपाल बैंक लिमिटेड सुरुङ्गामा रहेको धरौटी खाता नं १४७०३००००००००३००००००२ मा जम्मा गरी भौचर पेश गर्नु पर्ने छ वा नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त क बर्गको बैंक बाट यस कार्यलयको नाममा जारी भएको १२० दिन म्याद भएको विडवण्ड धरौटी स्वरुप पेश गर्नु पर्ने छ ।

४. शिलबन्दी गरिएको बोलपत्र कनकाई नगरपालिकाको कार्यालयमा मा मिति २०७५/०६/०१ गते दिउसो १२:०० बजे भित्रमाबुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त बोलपत्र स्वीकार गरिने छैन ।

५. तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहेका बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा कनकाई नगरपालिकाको कार्यालयमा मिति २०७५/०६/०१ गते दिउसो २:००बजे खोलिनेछ ।

६. बोलपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको मिति र समयमा बोलपत्र पेश गर्ने र खोल्ने अन्तिम मिति कायम हुनेछ ।

७. कुनै वा सबै बोलपत्र, पूरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।

८. उल्लेखित ठेक्का स्वीकृत भए पश्चात सम्झौता गर्नु पूर्व सम्वन्धित ठेकेदारले नेपाल सरकारले तोके अनुसार मु.अ कर बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नु पर्ने छ ।

९. वोलपत्र फारम जसको नामामा खरिद गरिएको हो सोही फर्मको नाममा दाखिला गर्नु पर्ने छ ।

१०. वोलपत्र फारम भर्दा आफूले कवोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरी उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

११. वोलपत्र स्वीकृत भएपछिसूचना प्रकाशन भएको मितिले ७(सात) दिन भित्र सम्झौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । मुनासिब कारण बाहेक सो अवधि भित्र सम्झौता गरी ठेक्कापट्टा नलिएमा निजको धरौटी रकम जफत गरी कालोसूचीमा राखिने छ ।

१२. ठेक्काको स्वीकृत रकम एकमुष्ट बुझाएमा स्वीकृत अंकमा१० प्रतिशत छुट दिइने छ । किस्ताबन्दी रुपमा रकम बुझाउंदा ठेकेदारले आफूले कबोल गरेको कुल रकम ३ (तिन) किस्तामा वुझाउनु पर्नेछ । पहिलो किस्ता कूल अंकको ५० प्रतिशत रकम सम्झौता गर्नु अगावै बुझाउनु पर्नेछ । दोस्रो किस्ता कूल अंकको ३० प्रतिशत रकम मंसिर मसान्त र तेस्रो किस्ताकूल अंकको २० प्रतिशत रकम चैत्रमसान्त भित्र बुझाउनु पर्नेछ । साथै यसरी किस्तावन्दीमा रकम बुझाउदा ठेकेदारले ठेक्का कवोल गरेको अंकमा दोश्रो र तेश्रो किस्ताको रकम बरावरको जमानत वापत नेपाल राष्ट्र बैकवाट मान्यता प्राप्त क वर्गको वाणिज्यबैकवाट सम्झौता अवधि सम्मको बैक ग्यारेन्टी सम्झौता गर्नु पूर्व पेश गर्नु पर्नेछ ।

१३. किस्ता रकम म्याद भित्र वुझाउनु पर्नेछ । म्याद भित्र नवुझाएमा नगरपालिकालाई ०.०२ प्रतिशत प्रति दिन, सो किस्तामा वुझाउन बाँकी रकमको हिसावले हुन आउने जरिवाना रकम ठेकेदारले तिर्नु पर्नेछ ।

१४. ठेक्का संचालनको सिलसिलामा नेपाल सरकार वा स्थानीय तहलाई प्रचलित ऐन नियमानुसार वुझाउनु पर्ने अन्य कर, दस्तुर, शुल्क आदि सवै ठेकेदार स्वयंले सम्बन्धित कार्यालयमा वुझाउनु पर्नेछ ।

१५. यस नगरपालिकालाई रकम वुझाउनु पर्ने वा बाँकी वक्यौता भएका तथा कालो सूचीमा परेका व्यक्ति वा फर्महरुको बोलपत्र स्वीकार गरिने छैन ।

१६ ठेक्का अवधि भर ठेकेदारले ठेक्का तोड्न पाउने छैन । विचैमा ठेकेदारले ठेक्का तोडेमा निजबाट असूल हुन बाँकी रकममा १० प्रतिशत व्याज जोडी असूल उपर गरिने छ र त्यस्तो फर्मलाई कालोसूचीमा समेत राखिने छ ।

१७. ठेक्का संझौताको अवधि नगरपालिका र ठेकेदार विच संझौता भए पश्चात लागू भई २०७६ जेठ मसान्त सम्म कायम रहने छ ।

१८. खोलाहरुबाट नदीजन्य सामग्री संकलन गर्दा स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण(IEE)प्रतिवेदन अनुसार निकाल्नु पर्नेछ ।

१९. बिरिङ्ग खोलाको पुल उत्तर र दक्षिण ५०० मिटर सम्म नदीजन्य पदार्थ संकलन तथा उत्खनन गर्न पाइने छैन । खोलाको मध्यम भागवाट तोकिए भन्दा गहिरो नहुने गरी निर्माण सामग्री संकलन तथा उत्खनन गर्नु पर्ने छ ।

२०. नदीजन्य पदार्थ संकलन गर्दा कुटो कोदालो लगायतका घरेलु उपकरणहरु मात्र प्रयोग गर्न पाइने छ ।

२१. कुनै कारणबस कर संकलन गर्न बाधा परेको कारणबाट कुनै पनि छुट मिनाहा दावी गर्न पाइने छैन साथै त्यस्तो छुट मिनाहा दिन कार्यालय बाध्य हुने छैन ।

२२. निर्माण सामग्री संकलन गर्दा बोलपत्र सम्वन्धी कागजातमा तोकिएको परिमाण र नांका भित्र मात्र सीमित रही निर्माण सामग्री संकलन गर्नु पर्ने छ । सो तोकिएको परिमाण तथा नांका भन्दा बाहिर गई निर्माण सामग्री संकलन गर्न पाईने छैन ।

२३. नदीजन्य पदार्थ संकलन तथा उत्खनन गर्ने समय विहान सूर्योदय देखि बेलुका सूर्यास्तसम्म मात्र हुनेछ ।

२४. नदीजन्य पदार्थ ओसार पसार गर्ने सडकहरुका खाल्डा खुल्डी पुर्ने, सामान्य मर्मत सुधार गर्ने र कच्ची सडकको धूलो नियन्त्रणका लागि समय समयमा पानीले सडक भिजाउने कार्य सम्वन्धित ठेकेदारले गर्नु पर्नेछ । सो वापतको खर्च दावी गर्न पाईने छैन ।

२५. उत्खनन गर्ने परिमाण एवं नाकाको विस्तृत विवरण बोलपत्र साथ संलग्न गरी उपलब्ध गराइनेछ ।

२६. रोडा, ढुंगा, बालुवा, ग्राभेल तथा गिट्टी संकलन तथा निकासी सम्वन्धमा नेपाल सरकारवाट स्वीकृत नियमन सम्वन्धी प्रतिवेदन पालना गर्नु पर्नेछ ।अनुमगन गर्दा कानून र मापदण्ड वमोजिम कार्य गरेको नपाईएमा तत्काल कानून वमोजिम कारवाही गरिनेछ ।

२७. ठेक्का सम्वन्धी रसिदहरु ठेकेदार आफैले छपाई कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नु पर्ने छ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिने छ ।

२८. विदेशी मित्रराष्ट्र सोझै संचालन हुने आयोजनका निमित्त प्रयोग हुने नदीजन्य सामग्रीको हकमा नेपाल सरकारसंग गरेको संझौतामा स्थानीय कर लिन नपाउने उल्लेख भएकोमानगरपालिकाबाट कर छुटको निर्णय भएमा कर लिन पाईने छैन ।

२९. नदीजन्य पदार्थ संकलन, ढुवानी तथा मौज्दात प्रयोजनको लागि कसैको निजी जग्गा प्रयोग गर्नु पर्ने भएमा त्यसबाट उत्पन्न हुने दायित्व ठेकेदार पक्षको रहने छ ।

...........................

प्रमुख प्रशासकीय अधिकृत